मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ९३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन ७ गते शुक्रवार (Friday, February 19. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ फागुन ०९ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

स्वास्थ्य संस्था स्थापनाका लागि करोडौंको जमिन दान गर्दै दाता

# गाउँमै स्वास्थ्य सेवा

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, फागुन ६।** सबै नागरिकलाई सर्ब शुलभ रुपमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले झापामा अहिले धमाधम स्वास्थ्य संस्थाको स्तरोन्नति भइरहेको छ ।

सबै पालिकामा एक पछि अर्को गर्दै अस्पताल बन्न शुरु गरेका छन् भने वडा-वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना हुने क्रम बढ्दो छ । खोप कार्यक्रम गर्न, पोषणका कार्यक्रम सञ्चालन गर्न, परिवार नियोजन, सुरक्षित मातृत्व, गर्भवती जाँचसहित प्राथमिक उपचार सेवा पनि अब आफ्नै वडाबाट सर्वसाधारणलाई उपलब्ध गराउन थालिएको छ ।

संघीय सरकारको नीति अनुरुप झापाका १५ वटै स्थानीय तहमा अस्पताल समेत निर्माण गर्ने काम अघि बढेको छ । गाउँमा नै एमवीवीएस डाक्टर राखेर सबै नागरिकलाई सहज रुपमा सेवा दिन संघीय सरकार मात्र होइन स्थानीय सरकार पनि लागीपरेका छन् । संघीय सरकारले बजेट उपलब्ध गराएपछि स्थानीय तहले श्रोत व्यवस्थापन गर्दै अस्पताल निर्माणको काम अघि बढाएका हुन् । केही स्थानीय तहले भएका स्वास्थ्य संस्थालाई नै स्तरोन्नति गरेका छन् भने केही स्थानीय तहले श्रोत व्यवस्थापन गर्दै अस्पताल निर्माणको काम अघि बढाएका छन् ।

झापाका आठ नगरपालिका र सात गाउँपालिका गरी १५ वटा स्थानीय तहमध्ये बिर्तामोड एक हो । बिर्तामोड नगरपालिकाले १० वटै वडामा स्वास्थ्य सेवाको पहुँच सबै नागरिकसम्म पुऱ्याएको छ । १५ शय्याको नगर अस्पतालसहित सबै वडामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराएको बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीले बताए । विपन्न नागरिकलाई सहज रुपमा



**बिर्तामोड-९मा आधारभूत स्वास्थ्य संस्था स्थापना भएपछि भेला भएका सर्वसाधारण ।**

सेवा पुऱ्याउने उद्देश्यले अहिले वडा-वडामा स्वास्थ्य संस्था स्थापना भइरहेका छन्- नगरप्रमुख शिवाकोटीले भने ।

बिर्तामोड नगरपालिका-३मा रहेको अनारमनी स्वास्थ्य संस्थाको स्तरोन्नति गर्दै १५ शय्याको अस्पताल निर्माणको काम अघि बढेको छ भने निकट भविष्यमै २५ शय्याको अस्पताल बनाउँदै ६ वटा डायलासिस मेसिन राखेर मृगौला रोगीलाई समेत सहज रुपमा सेवा दिने लक्ष्य लिइएको बिर्तामोड नगरपालिकाका प्रशासन प्रमुख देवराज कार्कीले बताए । जसका लागि रोटरी क्लवले डायलासिस मेसिन उपलब्ध गराउने भएको छ ।

बिर्तामोड नगरपालिकामा अहिले आधारभूत स्वास्थ्य सेवा र अस्पताल निर्माणका लागि दाताले करोडौं मूल्यको जमिन समेत नि:शुल्क उपलब्ध गराउँदै आएका छन् । बिर्तामोड-१मा स्वास्थ्य संस्था स्थापनाका लागि दाताले नै डेढ कट्ठा जमिन उपलब्ध गराएका छन् भने वडा नम्वर २ मा सात कट्ठा जमिन चन्द्रप्रसाद बजगाईले उपलब्ध गराएका छन् । वडा नम्वर ३मा अनारमनी स्वास्थ्य चौकीको स्तरोन्नति हुँदै अस्पताल निर्माणको काम अघि बढेको छ । स्वास्थ्य चौकीको १० कट्ठा जमिन र दुर्गा देवी गुठीको १० कट्ठा जमिनमा अस्पताल निर्माण गरिने नगरपालिकाले जनाएको छ । वडा नम्वर ४मा स्वास्थ्य संस्था निर्माणका लागि नै दीपेन्द्र राउतले डेढ कट्ठा जमिन उपलब्ध गराएका छन् । बिर्तामोड-५मा भने कृषि थोक व्यवस्थापन समितिको जमिन र ६ मा स्वास्थ्य संस्था निर्माणका लागि ३ कठ्ठा जमिन दाताले नै उपलब्ध गराएका छन् । वडा नम्वर ७ मा १५ कट्ठा जमिन दाताले नै प्रदान गरेका छन् भने ८ मा पुरानो स्वास्थ्य संस्थाको एक कट्ठा जमिनमा निर्मित स्वास्थ्य संस्थाकै भवनबाट सेवा प्रदान गर्दै आइएको छ । वडा

*(बाँकी अन्तिम पृष्ठमा)*

## ‘मुलुक कता लाने सर्वोच्चको हातमा’



**बिर्तामोड, फागुन ६।** सर्वोच्च अदालतले सही निर्णय नगरेमा मुलुकमा अस्थिरता सिर्जना हुने कांग्रेस नेतृ सुजाता कोइरालाले बताएकी छन् ।

वर्तमान संविधानको रक्षाका लागि पनि संसद पुनर्स्थापनाका विकल्प नभएको भन्दै कांग्रेस केन्द्रीय सदस्य समेत रहेकी नेतृ कोइरालाले सर्वोच्च अदालतले सही निर्णय गर्नेमा आफू ढुक्क रहेको बताइन् ।

नेपाल प्रेस युनियन झापाले बिहीबार बिर्तामोडमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेतृ कोइरालाले देशको अस्तित्व रक्षाका लागि भएपनि संसद पुनर्स्थापना हुनुपर्ने बताइन् । उनले पार्टी फुट्नु राम्रो नभएको भन्दै वर्तमान सरकारले पार्टीको झगडाका कारण मुलुकलाई बन्धक बनाउन खोजेको आरोप लगाइन् । उनले केपी ओलीले सहमति, सहकार्य र एकताको नीति अवलम्बन नगर्दा मुलुक संकटमा गएको दावी गरिन् । वर्तमान संविधानको रक्षाका लागि सबै एकजुट हुनुपर्ने उनको विचार थियो ।

जीपी फाउण्डेशनकी अध्यक्ष समेत रहेको नेतृ कोइरालाले कोरोनाको संक्रमणपछि बेरोजगारी बढ्ने भन्दै त्यो मुलुककै लागि घातक हुने बताइन् । उनले आन्तरिक पर्यटन प्रर्वद्धनमा जोड दिँदै स्थानीय स्तरको रोजगारी सिर्जनाका लागि सबै लाग्नुपर्ने धारणा व्यक्त गरिन् । उनले कृषि, स्वास्थ्य र शिक्षामा रोजगारी सिर्जना गर्नुपर्ने बताइन् ।

कार्यक्रममा कांग्रेस नेतृ एवम् पूर्व सांसद सरिता प्रसाई, संविधानसभा सदस्य उषा गुरुङ, कांग्रेस झापा सभापति उद्धव थापा लगायतका नेताहरुको सहभागिता

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा खाद्य स्वच्छता समूह

**बिर्तामोड, फागुन ६।** झापामा खाद्य स्वच्छता समूह निर्माण भएको छ । विशेषगरी होटल तथा रेष्टुराँलाई मध्यनजर गर्दै खाद्य स्वच्छता समूह तयार गरिएको हो ।

होटल व्यवसायी संघ झापाकी अध्यक्ष इन्दिरा श्रेष्ठको संयोजकत्वमा विहीवार बिर्तामोडमा बसेको एक भेलाले खाद्य स्वच्छता समूह निर्माण गरेको हो । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाका प्रमुख भरतवहादुर पुरीको अध्यक्षतामा बसेको बैठकले बिर्तामोड क्षेत्रका होटल तथा रेष्टुराँमा बिक्री बितरण हुने खाद्यान्न तथा होटलको स्तरीकरण निर्धारणका लागि समिति निर्माण गरेको हो ।

समितिमा राष्ट्रिय उपभोक्ता मञ्च झापाका सदस्य सुरेन्द्र भण्डारी, बिर्तामोड नगरपालिका सदस्य द्रौपदी गणेश, बिर्तामोड उद्योग वाणिज्य संघ बिर्तामोडका राजु सपाकोटा, होटल व्यवसायी संघ झापाका महासचिव शिवराज पौडेल, इलाका प्रहरी कार्यालय अनारमनीका

*(बाँकी अन्तिम पृष्ठमा)*

## वन र बलात्कार मुद्दाका फरार प्रतिवादी पक्राउ



**झापा, फागुन ६ ।** प्रहरीले जवरजस्ती करणी मुद्दाका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मेचीनगर-१० निवासी २८ वर्षीय सागर विक रहेका छन् । १० वर्ष कैद सजाय रहेका उनलाई जिल्ला कारागार झापा बुझाइएको छ । जिल्ला अदालत झापाको २०७३ साल मंसीर २६ गतेको फैसला अनुसार उनलाई पक्राउ गरिएको हो ।

उता वन पैदावर हानी नोक्सानी पुऱ्याएको भन्दै अदालतको फैसलापछि कनकाई-२का अशोक राई

*(बाँकी अन्तिम पृष्ठमा)*

## एम्बुलेन्सको ठक्करबाट पैदलयात्रीको मृत्यु

**मोरङ, फागुन ६।** मोरङ ग्रामथान-२ बस्ने ४५ बर्षीया रम्वादेवी महतोको एम्बुलेन्सको ठक्करबाट मृत्यु भएको छ ।

बूढीगंगा-२स्थित राजमार्गमा ना७ख २६१५ नम्बरको ट्रकले प्र १-०२-००२च ४६१३ नम्बरको एम्बुलेन्सलाई ठक्कर दिँदा एम्बुलेन्स अनियन्त्रित भई पैदलयात्री रम्वादेवीलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिईन् ।

घाइते रम्वादेवीको बिराट मेडिकल कलेज बूढीगंगामा उपचारको क्रममा विहीवार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । ट्रक, ट्रक चालक नवीन खवास र एम्बुलेन्स, एम्बुलेन्स चालक घनश्याम कुँवर नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

त्यस्तै सुनसरी रामधुनी-३ बस्ने २२ बर्षीय सुरज चौधरीको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको छ । रामधुनीमा को२च ३३१२ नम्बरको पिकअप भेनले को३१प ३१४७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक चौधरी गम्भीर घाइते भएका थिए । घाइते चौधरीको बिराट नर्सिङ होममा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । पिकअप र चालक मोरङ सुन्दरहरैंचाका दिलबहादुर कामी नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

कोरोना भाइरसबिरूद्धको खोप

# फागुन २३ देखि ६० वर्षमाथिका सबैलाई खोप



**झापा, फागुन ६।** माघ १४ देखि भारतबाट अनुदानमा प्राप्त कोभिड खोप प्रयोग गर्दै आएको नेपालले अर्को महत्वपूर्ण चरणको घोषणा गर्दै ‘फागुन २३ वा अझ अगाडिबाटै’ २३-६० उमेर समूहका मानिसहरूलाई खोप दिन थाल्ने बताएको छ ।

स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले भने- खोपको उपलब्धतालाई हेरेर बढीमा फागुन २३ नभए अझ चाँडै नै हामी ६० वर्षभन्दा माथिका उमेर समूहका मानिसलाई खोप लगाउँदैछौं । उनका अनुसार ६० वर्षभन्दा माथिका करिब २८-२९ लाख जनसंख्या रहेको अनि ५५ वर्ष माथिका समेट्ने हो भने ३७ लाख जनसंख्या रहेको आकलन बमोजिम मन्त्रालयले खोप व्यवस्थापन गरिरहेको छ ।

**खोप लिन कहाँ, कसरी जाने ?**

भारतबाट अनुदानमा प्राप्त कोभिशील्डको दश लाख मात्राको शुरुवाती चरणमा अग्रपंक्तिमा खटिनेहरूलाई सरकारले खोप उपलब्ध गराइरहेको छ । यतिञ्जेल जसरी खोप दिइँदै आएको थियो अब भने त्यसमा निकै परिवर्तन हुने मन्त्री त्रिपाठीले बताए ।

अहिलेसम्म हामीले अस्पतालमा बोलाएर खोप दिइरहेका थियौं । तर। अबको चरणमा भने खोप केन्द्रहरूमार्फत् खोप दिलाइनेछ- उनले भने । त्यसको निम्ति ६० वर्षमाथिका मानिसहरूले नागरिकता वा मतदाता परिचयपत्र वा लाइसेन्सजस्ता परिचयपत्र बोकेर पायक पर्ने खोप केन्द्रमा जानुपर्ने उनले बताए ।

खासगरी प्राथमिक स्वास्थ्य उपचार सेवा उपलब्ध हुने केन्द्रहरूलाई खोप केन्द्रको रूपमा उपयोग गरिने उनको भनाइ थियो । परिचयपत्रको हकमा पनि हामीले धेरै कडाइ गर्ने छैनौं किनभने यो कोरोना रोग परिचयपत्र भएकालाई मात्र लाग्ने, नभएकालाई नलाग्ने होइन । कुनै परिचयपत्र छैन भने वडाको सिफारिसबाट पनि खोप पाइने छ- मन्त्री त्रिपाठीले भने ।

यही चरणमा कम उमेर भए पनि गम्भीर रोग लागेका तथा चाँडो खोप दिनुपर्ने व्यक्तिहरूलाई समेत समेटिने उनले बताए । डाइलासिस गराइरहेका वा क्यान्सर रोगीहरूलाई प्राथमिकता दिइने बताइएको छ ।

**कति समय चल्छ अभियान ?**

नेपालमा कोरोनाभाइरस विरुद्धको खोप अभियान माघ १४मा शुरू भएको हो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

### मेचीनगरमा २८४ जनाले लगाए कोरोनाविरुद्धको खोप

**मेचीनगर, फागुन ६।** मेचीनगरमा विहीबार २ सय ८४ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन् । दोस्रो चरण अन्तर्गत विहीबार मेचीनगरमा खोप लगाइएको हो ।

नगरपालिकाको स्वास्थ्य शाखाले दिएको जानकारी अनुसार नगरका जनप्रतिनिधि, सञ्चारकर्मी, सुरक्षाकर्मी, विभिन्न कार्यालयका कर्मचारीले खोप लिएका थिए । शाखा संयोजक रामनारायण यादवका अनुसार ४८ जना महिला र २ सय ३६ पुरुष गरी कूल २ सय ८४ जनाले कोरोनाविरुद्धको खोप लगाएका हुन् । सवैभन्दा बढी सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट काँकरभिट्टामा कार्यरत ३ महिलासहित ६१ जना सुरक्षाकर्मीले खोप लगाएका थिए ।

यसैगरी, सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बाहुनडाँगीमा कार्यरत ४४ जना सुरक्षाकर्मीले समेत खोप लिएको पोष्टले जनाएको छ । स्वास्थ्य कार्यालय झापाका स्वास्थ्यकर्मी रमला बराललगायतको टोलीले नगरपालिकामा खोप लिन आउनेलाई सेवा प्रदान गरेका थिए ।

**कर्मचारी तु-आवश्यकता**

यस होटल हेवन ग्राण्डलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः हेड कुक- २ जना | रुम ब्वाई- २ जना
वेट्रेस- ३ जना | वेटर- ३ जना
असिस्टेन्ट कुक- २ जना | डिस वासर- २ जना

*नोटः सम्बन्धित काममा दक्ष हुनुपर्नेछ ।*

**सम्पर्कः ०२३-५४०६२५, ५४०४८२**

बाथरोग सम्बन्धी जुनसुकै समस्याको लागि
**डा. लवराज लोहनी**
M.B.B.S MD. (NAMS)
Fellowship in Rheumatology
AIIMS New Delhi
NMC No. 11300
वरिष्ठ बाथरोग विशेषज्ञको अब दैनिक सेवा
**सनसाइन मेडिसिन सेन्टर**
भद्रपुर रोड, बिर्तामोड नपा-४, झापा
(सानिमा बैंक अगाडि) सम्पर्क नं. ०२३-५३४१३२

**सूचना**

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता :
व्यक्ति, समाज र सबैको ऐक्यबद्धता


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

**पायल्स तथा फिस्टुलाको उपचार**


पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **फागुन ७ र ८ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरू उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

# नि:शुल्क माटो परीक्षण

**लक्ष्मीपुर, फागुन ६।** सहारा नेपाल (साकोस) लक्ष्मीपुर सेवा केन्द्र, कनकाई नगरपालिका-८को कार्यालय तथा छहारी नेपाल कृषि सहकारीको संयुक्त आयोजनामा नि:शुल्क माटो परीक्षण तथा कृषि तालिम सम्पन्न भएको छ ।

ग्रीन विथ मिन टाइम कृषि सामग्री उद्योग भरतपुर-३ चितवनको प्राविधिक सहयोगमा विहीवार लक्ष्मीपुरमा ५० जना कृषकलाई नि:शुल्क तालिम दिइएको थियो । छहारी कृषि सहकारीका अध्यक्ष युवराज चुडालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सहारा नेपाल लक्ष्मीपुर सेवा केन्द्रका प्रमुख उमेश भारतीले गरेका थिए । कार्यक्रममा अग्रज कृषक तेजकुमार गिरी, कार्यक्रमका प्रमुख अतिथ कनपा-८का अध्यक्ष प्रेमबहादुर कटुवाल, वडा परिषद् सदस्य इन्द्र राईलगायतले बोलेका थिए ।

कार्यक्रमको सहजीकरण ग्रीन विथ मिन टाइम कृषि सामग्री उद्योग भरतपुर-३ चितवनका मेनेजर प्रदीपराज विष्टले गरेका थिए ।

कार्यक्रममा कृषकलाई मलवीऊ छर्ने प्रविधि, अर्गानिक मल कृषि क्रान्ति समेत दिइएको थियो । माटोमा विभिन्न रासायनिक मल प्रयोग, क्षरिय र आम्लीयपनको विषयमा जानकारी गराइएको थियो । कार्यक्रमको सञ्चालन छहारी सहकारीका व्यवस्थापक युवराज रिजालले गरेका थिए ।

### बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचन

# १९ पदका लागि ३९को उम्मेदवारी





**बिर्तामोड, फागुन ६।** बिर्तामोड उद्योग वाणिज्य संघको आसन्न निर्वाचनका लागि अध्यक्ष पदमा दुई जनाले मनोनयन दर्ता गराएका छन् ।

फागुन १६ गते हुने मतदानका लागि सुवास भट्टराई र प्रकाश शिवाकोटीले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका हुन् ।

त्यसैगरी वरिष्ठ उपाध्यक्षमा राजु न्यौपाने र नारायणप्रसाद चिमरियाको उम्मेदवारी दर्ता भएको छ । त्यस्तै उद्योग उपाध्यक्षमा सञ्जीव घिमिरे र प्रकाश घिमिरेको उम्मेदवारी परेको छ भने वाणिज्य उपाध्यक्षमा रामकृष्ण अधिकारी र राजकुमार घिमिरे (राजु)ले मनोनयन दर्ता गराएको प्रमुख निर्वाचन अधिकृत शेखरप्रसाद ढकालले जानकारी दिए ।

वाणिज्य संघको जनसम्पर्क उपाध्यक्ष पदमा उर्मिलादेवी बिमली र नैनकला भट्टराईको मनोनयन दर्ता भएको छ । महासचिव पदका लागि अर्जुनकुमार मैनाली र रवीन्द्र भट्टराईको उम्मेदवारी मनोनयन दर्ता भएको निर्वाचन समितिले जनाएको छ ।

त्यसैगरी उद्योग सचिवमा कुशल खतिवडा र धनबहादुर डाँगीले उम्मेदवारी मनोनयन गर्दा वाणिज्य सचिवतर्फ राजकुमार साह र कृष्ण पौडेलको उम्मेदवारी परेको छ । वाणिज्य संघको कोषाध्यक्षमा दीपेन्द्र राउत र दुर्गा थपलियाको उम्मेदवारी दर्ता भएको छ । त्यस्तै महिला सह-कोषाध्यक्षमा राधिका चुडाल हुमागाँई र रञ्जु प्याकुरेलको उम्मेदवारी परेको छ ।

त्यस्तै वाणिज्य संघको नयाँ नेतृत्वको महिला सदस्य पदमा तिलोत्तमा खत्री, तुलसा ढकाल खनाल, रुची शिवाकोटी र सृजना अग्रवाल सोनीले उम्मेदवारी मनोनयन दर्ता गराएका छन् ।

निर्वाचन समितिले दिएको जानकारी अनुसार सदस्य पदमा गौरीशंकर गुप्ता 'टिंकु', गोविन्द कार्की, दीपक मित्तल, भगीरथ लुइँटेल, जीवनकुमार खड्का, पुकार बराल, बलराम सिटौला, मनोजकुमार साह, विकास बस्नेत, सूर्यकुमार खतिवडा, गुञ्जन प्रसाईं, उदयशंकर साह, बलबहादुर लिम्बू 'विसन', सन्नी गोयल र विशाल थापाले उम्मेदवारी दर्ता गराए ।

बिर्तामोड उद्योग वाणिज्य संघको कार्यसमितिको कूल १९ पदका लागि हुने निर्वाचनमा ३९ जनाको उम्मेदवारी दर्ता भएको छ । निर्वाचन समितिका अनुसार सात वटा खुल्ला सदस्य पदका लागि १५ जनाको उम्मेदवारी परेको छ ।

त्यस्तै दुईवटा महिला सदस्य पदमा चार जनाले उम्मेदवारी दर्ता गराएका छन् । त्यसैगरी अध्यक्षसहित सबै पदाधिकारी पदमा दुई-दुई जनाको उम्मेदवारी परेकोछ । आसन्न निर्वाचनमा कूल चार हजार पाँच सय ३९ मतदाता रहेका छन् । मतदान कार्यक्रम आगामी फागुन १६ गते अग्रसेन भवनमा तय गरिएको छ ।

# बिद्यार्थीलाई ट्राफिक नियम सिकाउँदै वीरता लेडी जेसीज



**बिर्तामोड, फागुन ६।** दैनिक रुपमा सवारी दुर्घटना बढ्न थालेसँगै झापामा विभिन्न संघ-संस्थाले ट्राफिक सचेतना कार्यक्रमलाई प्राथमिकतामा राखेका छन् ।

विद्यालय उमेर समूहका बिद्यार्थी ट्राफिक नियम सिकाउने उद्देश्यले वीरता लेडी जेसीजले बिहीबार बिर्तामोडमा सचेतना कार्यक्रम गरेको छ ।

वीरता लेडी जेसीजको आयोजना महेन्द्र-रत्न मावि बिर्तामोडमा एक दिने ट्राफिक नियम सचेतना सम्बन्धी कार्यक्रम गरेको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको सहकार्यमा सञ्चालित कार्यक्रममा विद्यालयका कक्षा ८, ९ र १०का एक सय जना बिद्यार्थीको सहभागिता रहेको थियो ।

कार्यक्रममा बिर्तामोडस्थित भद्रपुर रोडमा निर्माणाधीन फोर लेन सडक सम्पन्न भएसँगै बाटो काट्नका लागि अपनाउनुपर्ने तरिका, डिभाइडर, जेब्रा क्रसिङ, ट्राफिक संकेत, चिन्ह सम्बन्धी विषयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी नायव निरीक्षक शिव शर्माले सहजीकरण गरेका थिए ।

बिर्तामोड नगरपालिका-३का वडाध्यक्ष भोजराज सिटौलाको प्रमुख आतिथ्य तथा वीरता लेडी जेसीजका अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि सिटौला, अनारमनी पब्लिक क्याम्पस प्रमुख मोहन शिवाकोटी, वीरता लेडी जेसीजका पूर्व अध्यक्ष रजनी बजगाँई, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जवेगू, प्रधानअध्यापक खड्गप्रसाद खरेल, बिर्तामोड नगरपालिका-३का वडा सदस्य सृष्टि दाहाल लगायतले बोलेका थिए ।

हिमा पौडेलले सञ्चालन गरेको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक सुमित्रा भट्टराईले आस्था वाचन इन्दिरा शिवाकोटीले र जेसीआई भिजन मिसन वाचन अर्चना राउतले गरेका थिए ।

# ज्याकलिनको अनौठो पोज



चर्चित बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिजले केही समय अगाडि अनौठो तस्विर शेयर गरेकी छिन् । उक्त तस्वीरमा उनले स्वीम सुट र ट्राउजर लगाएकी छिन् ।

भर्खरै शेयर गरेको यो तस्वीरले फ्यानको मन जित्ने क्रममा छ । उनको पोज चाँहि निकै अनौठो नै छ ।

बलिउडकी सुन्दर अभिनेत्री ज्याकलिन फर्नान्डिज ३५ वर्षकी भइन् । फर्नान्डिज अभिनेत्री तथा मोडल हुन् । उनले २००६ को मिस युनिभर्स श्रीलंका पीजेन्टको ताज समेत जितेकी छिन् । ज्याकलिन फर्नान्डिजको जन्म ११ अगस्त १९८५मा श्रीलंकामा भएको हो ।

उनी मल्टी एथनीक परिवारकी हुन् । उनका पिता श्रीलंकाका र आमा मलेशियाकी हुन् ।

ज्याकलिनका पहिलो प्रेमी बहरिनका राजकुमार बिन राशिद अल खलिफा थिए । ज्याकलिनसँग ब्रेकअपपछि राजकुमारले एक गीत एल्बम् रिलिज गरेका छन् जसको नाम 'जैकी' राखेका थिए ।

ज्यानलिन र सलमान निकै नजिकका साथी हुन् । सलमानले ज्याकलीनलाई बान्द्राको ३ बीएचके अपार्टमेन्टमा बस्न आग्रह गरेका थिए तर उनले अस्वीकार गरेकी थिइन् ।

# मृगौला पीडितलाई १७ हजार सहयोग

**बिर्तामोड, फागुन ६।** नेपाल मगर संघ अर्जुनधारा समन्वय समितिले बिर्तामोड-६ बुट्टाबारीका मृगौला पीडित एक व्यक्तिलाई आर्थिक सहयोग गरेको छ ।

अटो रिक्सा चलाएर पाँच परिवारको गुजारा गर्दै आएका देवकुमार मगरको एक्कासी मृगौलाले काम गर्न छाडेपछि हाल मेची अञ्चल अस्पतालमा डायलासिस गर्दै आएका छन् ।

मृगौला प्रत्यारोपण गर्न आर्थिक अभाव रहेको भन्दै सहयोगको आव्हान गरेपछि मानवता साथै बन्धुत्वको नाताले संकलन गरिएको १७ हजार रुपैयाँ नेपाल मगर संघ जिल्ला अध्यक्ष जगतबहादुर मगर तथा नगर अध्यक्ष मनोज रैका मगरले संयुक्त रुपमा हस्तान्तरण गरेका थिए । उक्त सहयोगप्रति देवकुमार मगरले धन्यवाद व्यक्त गरेका थिए ।

# बलात्कार आरोपमा पक्राउ

**झापा, फागुन ६ ।** प्रहरीले १३ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको अभियोगमा ललितपुरको महाङ्कालबाट एक जनालाई पक्राउ गरेको छ ।

स्थानीय नवोदय प्राथमिक विद्यालयको भवन निर्माणमा काम गर्दै आएका पर्सा पोखरियाका २१ वर्षीय राजकुमार ठाकुरलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । ठाकुरमाथि बुधबार विद्यालय पछाडिको जङ्गलमा लगेर बालिकालाई जबर्जस्ती करणी गरेको आरोप छ । उक्त घटनामा थप अनुसन्धान भइरहेको जनाइएको छ ।

यता ललितपुरको महालक्ष्मी नगरपालिका- १० लाकुरी भञ्ज्याङस्थित वनभोज स्थलमा गोदावरी नगरपालिका- २ त्रिवेणी बस्ने ४० वर्षीय राजु तामाङ मृत फेला परेको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैबीच तारकेश्वर नगरपालिका- ७ स्थित भूपू सैनिकटोल घर भएका नानीकाजी बोहराको घरबाट गएराति रु एक लाख ५० हजार नगदसहित सुनका गहना गरी करीब रु. पाँच लाख ५३ हजार बराबरको धनमाल चोरी भएको छ ।

# प्रत्येक वडा कार्यालय, विद्यालय र घर-घरमा इन्टरनेट पुऱ्याइने

**झापा, फागुन ६।** सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सरकारको आगामी नीति/कार्यक्रम र बजेटमा पत्रकारिता क्षेत्रबाट समावेश गर्नुपर्ने विषयबारे सुझाव दिन आग्रह गरेका छन् ।

मन्त्रालयद्वारा आयोजित पत्रकारसँगको अन्तर्क्रियामा मन्त्री गुरुङले सञ्चार क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै सुझावको माग गरे । उनले भने- सञ्चार क्षेत्रमा नीतिगत सुधारसँगै थुप्रै सुधार गर्नुपर्ने छ, त्यसका लागि सञ्चार क्षेत्रका विज्ञहरुको सुझावको आवश्यकता छ ।

सरकारका प्रवक्ता गुरुङले दूरसञ्चारमा देखिएका समस्याका कारण पनि दुर्गम जिल्लाका पत्रकारले समस्या भोग्नुपरेको विषयलाई जतिसक्दो चाँडो सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गरे । उनले प्रत्येक वडा कार्यालय, विद्यालय र घरघरमा इन्टरनेट पुऱ्याउने सरकारको योजना सुनाए । सबैलाई एउटै डालोमा राखेर हेर्नु हुँदैन तर पत्रकारितामा अराजकता र विकृति मौलाउँदै गएको छ, विश्वसनीयतामा प्रश्न उठ्न थालेको छ, यसको पनि गुणस्तर मापन गर्नुपर्ने बेला आएको छ ।

सो अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघ सधैँभरि पत्रकारको अधिकारका निम्ति लड्दै आएको र आगामी दिनमा पनि लडिरहने प्रतिबद्धता व्यक्त गरे । विज्ञापन बोर्डका सदस्य बलराम थापाले प्रत्येक जिल्लाको सुझावका आधारमा लोककल्याणकारी विज्ञापनमा देखिएको समस्या समाधान गरिने बताए ।

महासंघ सप्तरीका अध्यक्ष जीतेन्द्र खड्काले लोककल्याणकारी विज्ञापन प्रकाशन गरेवापत पाइने रकम जिल्लाबाटै भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने माग गरे । महासंघ झापाका अध्यक्ष तारामणि सापकोटाले संघ, प्रदेश र स्थानीय सबै निकायमा सञ्चारमाध्यम दर्ता गर्ने व्यवस्था मिलाउन आग्रह गरे ।

### फागुन ...

पहिले स्वास्थ्य तथा सफाइमा संलग्न अग्रपङ्तिका मानिसहरू अनि त्यसपछि पत्रकार, सरकारी कर्मचारी र ब्याङ्क कर्मचारीलाई लगाइएको छ ।

अनुदानमा उपलब्ध दश लाख मात्रामध्ये पहिलो मात्रा लगाइसक्दा करिब ८० प्रतिशतले लगाएको सरकारी अनुमान रहेको मन्त्री त्रिपाठीको भनाइ छ । यो चरणमा झन्डै एक महिना खर्च भएपनि अर्को चरणका निम्ति धेरै समय नलाग्ने उनले बताए । शुरू गरिएको हप्ता-दश दिनमै अभियान पूर्ण हुने गरी काम गरिरहेका छौँ । खोप लगाउन भ्याक्सिनेटर वा खोपकर्ताहरूको तालिम अब भइहाल्ने छ- उनले भने । खोप लगाउनसक्ने सामान्य ज्ञानका अतिरिक्त कोरोनाभाइरस खोप लगाएपछि आवश्यक परामर्श दिनसक्ने गरी तालिम दिइने उनले बताए ।

**'खोपको जोहो भइसक्यो'**

उमेर समूहका मानिसहरूलाई खोप दिलाउन पुग्ने गरी खोपको जोहो भइसकेको सरकारको भनाइ छ ।

चार डलरमा सीरम इन्स्टीच्युटबाट खरिद गरेर अक्सफर्ड आस्ट्राजेनेकाको थप २० लाख मात्राको खोप ल्याउने काम टुङ्गोमा पुगिरहेको छ । कोभ्याक्सबाट पनि थप खोप आउनेछ । त्यसले हामीलाई सहज हुन्छ- उनले भने । अन्तर्राष्ट्रिय खोप सहयोगको सञ्जाल कोभ्याक्समार्फत् नेपालले फेब्रुअरीको अन्त्यसम्म साढे २२ लाख मात्राको खोप पाउने जनाइएको छ ।

त्योबाहेक चिनियाँ सिनोफार्म कम्पनीको खोपलाई पनि औषधि व्यवस्था विभागले सशर्त प्रयोगको अनुमति दिएकाले चिनियाँ खोप पनि आउने बाटो खुलेको बताइन्छ ।

### गाउँमै ...

नं. ९मा जमिनको व्यवस्थापनको काम भइरहे पनि प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना गरिएको छ ।

बिर्तामोड नगरपालिकाको वडा नम्वर १०मा श्रीप्रसाद शिवाकोटीले उपलब्ध गराएको ३ कठ्ठा जमिनमा स्वास्थ्य संस्था स्थापना गरिएको छ । बिर्तामोड नगरपालिकामा अहिले नगर अस्पतालसहित टाइप वान र टाइप टु गरी दुई प्रकारका स्वास्थ्य संस्था निर्माणाधीन छन् । टाइप वानका स्वास्थ्य संस्था निर्माणका लागि ३८ लाख र टाइप टु प्रकृतिका स्वास्थ्य संस्था निर्णणका लागि ६३ लाखप्रति स्वास्थ्य संस्था बजेट विनियोजन भएको बिर्तामोड नगरपालिका स्वास्थ्य शाखा प्रमुख तुलसी पोखरेलले जानकारी दिए ।

बिर्तामोड-९मा पछिल्लो समय स्थापना गरिएको आधारभूत स्वास्थ्य केन्द्रको प्रदेश १का सांसद एकराज कार्की र विर्तामोडका नगर प्रमुख शिवाकोटीले उद्घाटन गरेका छन् । बिर्तामोड नगरपालिका स्वास्थ्य शाखा प्रमुख पोखरेलले स्वागत गरेको कार्यक्रममा सांसद् कार्की, नगर प्रमुख शिवाकोटी, उपप्रमुख पवित्रा महतरा, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरु क्रमश: २का नगेन्द्रप्रसाद संगौला, ५का राजेन्द्र प्रसाद लिङ्देन, वडा नम्वर ९की अध्यक्ष पवित्रा पाठक, १०का अध्यक्ष दूर्योधन गुरुङ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

यता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद दाहालले संविधानले नागरिकको स्वास्थ्य अधिकारको व्यवस्था गरे अनुरुप स्वास्थ्य संस्था स्थापनको काम पूरा गरेको बताएका छन् । सबै नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा पुऱ्याउने झापाको बिर्तामोड नगरपालिका पहिलो भने होइन । अहिले हरेक स्थानीय तहले सबै खाले सेवा गाउँ-गाउँबाट पुऱ्याइरहेका छन् । विशेषगरी भएका स्वास्थ्य संस्थालाई स्तरोन्नति गर्दै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन सबै स्थानीय तह लागीपरेका छन् ।

### झापामा ...

रामचन्द्र दाहाल, होटल व्यवसायी संघ झापाका सदस्य तिलक निरौला, अनिता खनाल, होटल व्यवसायी छत्रवहादुर श्रेष्ठ, रहेका छन् ।

खाद्य निरीक्षक भरतबहादुर पुरी सो समितिको सदस्य सचिव रहेका छन् । समितिले बिर्तामोड नगरमा सञ्चालित होटल रेष्टुरेन्ट लगायत खाद्य तयारी गर्ने व्यवसायीहरुलाई खाद्य स्वच्छता कायम गर्न लगाउने निर्णय भएको छ । समितिले आइतवारबाट बिर्तामोडमा सञ्चालित होटलको अनुगमन गर्दै लोगो समेत वितरण गर्ने भएको छ ।

### मुलुक ...

रहेको थियो । प्रेस युनियन झापाकी अध्यक्ष इन्दु पूर्वेलीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत पत्रकार राजेन्द गौतमले गरेका थिए भने सञ्चालन सह-सचिव स्वस्तिका आचार्यले गरेकी थिइन् ।

### वन ...

पक्राउ परेका छन् । १५ दिन कैद र ३५ हजार जरिवाना रहेका उनलाई प्रहरीले जिल्ला कारागार झापामा बुझाएको बताइएको छ ।


## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।११।७ | ११ केभी बजार फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गत बजार फिडरमा पर्ने कन्काई रोड, सुब्बा चौक, महानन्द चौक र माता मन्दिर आसपासका सम्पूर्ण क्षेत्र । | विहान ८:०० बजेदेखि दिउँसो ५ बजेसम्म | विद्युत् लाइन मर्मत सम्बन्धी कार्य गर्नुपर्ने । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**, बिर्तामोड, झापा



## ट्रष्ट नेपाल ओभरसिजमा कर्मचारी आवश्यकता

**कर्मचारीको पद :** कम्प्युटर अपरेटर २ जना (महिला/पुरुष)
**योग्यता :** कम्प्युटर सम्बन्धी दक्ष हुनुपर्नेछ ।
**मासिक तलब :** आपसी समझदारीमा
**सम्पर्क गर्ने अन्तिम मिति :** २०७७ फागुन ९ गते आइतबार १२:०० बजे ।
**अन्तरवार्ता मिति :** २०७७ फागुन ९ गते आइतबार १:०० बजेबाट ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा. लि.,** शाखा कार्यालय, बिर्तामोड, झापा
फोन नं. : ०२३-५४५०७४, मो. ९८५१०१६८०९, ९८०४९६१४१४
Email: trustnepaljhapa@gmail.com



## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोट: जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

*पुनश्च: बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



बिर्तामोड उद्योग वाणिज्य संघ
बिर्तामोड, झापा

## निर्वाचन समितिको कार्यालय

## मतदान केन्द्र तोकिएको सूचना

बिर्तामोड उद्योग वाणिज्य संघको आगामी २०७७/११/१६ गते हुने कार्यसमिति निर्वाचनको लागि अग्रसेन भवन बिर्तामोडलाई मतदान केन्द्र तोकिएको हुँदा यो सूचना गरिएको छ ।

**मतदान हुने समय : बिहान ८:०० बजेदेखि बेलुका ५:०० बजेसम्म**

**– प्रमुख निर्वाचन अधिकृत**



बिर्तामोड उद्योग वाणिज्य संघ
बिर्तामोड, झापा

## निर्वाचन समितिको कार्यालय

## सूचना ! सूचना !! सूचना !!!

मिति २०७७/११/१६ मा हुने बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचनमा मतदान गर्न आउनु हुने मतदाताज्यूहरुले मतदान गर्न आउँदा संघको परिचय पत्रका साथै आफ्नो परिचय खुल्ने नेपाल सरकारका कुनै पनि निकायबाट जारी गरिएको परिचय पत्र समेत लिएर आउनु हुन सूचित गरिन्छ । मतदान अधिकृतलाई दुविधा वा शंका लागेमा सो परिचय पत्र माग गर्न सकिने व्यहोरा निर्णय अनुसार जानकारीको लागि अनुरोध छ ।

**– प्रमुख निर्वाचन अधिकृत**



चिनारी राजश्व सेवा सेन्टरको सेवा अब हाम्रो झापामा

## हाम्रो सेवा तथा परामर्श

**१) आन्तरिक राजश्व कार्यालयमा हुने कार्यहरुः**
क) कर भुक्तानी/ कर चुक्ता    ख) पान नं. सम्बन्धी
ग) कारोबार थप    घ) VAT BILL सम्बन्धी काम
**२) घरेलु तथा साना उद्योग कार्यालयमा हुने कार्यहरु**
क) फर्म दर्ता    ख) नवीकरण    ग) फर्म खरिद/बिक्री
**३) कम्पनी रजिष्ट्रार कार्यालयमा हुने कार्यहरु**
क) कम्पनीको दर्ता    ख) नवीकरण    ग) नामसारी    घ) ठाउँ सारी खरिद
**४) यातायात कार्यालयमा हुने कार्यहरु**
५) कम्पनी, संघ-संस्था, सहकारी तथा फर्महरुको लेखा परीक्षण
६) NTC, NCELL, DISH HOME, INTERNET को रिचार्ज
७) बिजुली, पानीको बिल भुक्तानी
८) फोटोकपी तथा कम्प्युटर सम्बन्धी कार्य अन्य निकायमा, अनलाइन सम्बन्धी कार्यहरु

## चिनारी राजश्व सेवा सेन्टर

अर्जुनधारा-८ (तुतबारी), झापा
बिर्तामोड-शनिश्चरे रोड, पूर्वार्ध डेरी उद्योग पूर्व (सुशीला सुवेदीको घर)
युवराज सापकोटा (मो. ९८०४९७६५०६), भीम सञ्जेल (मो. ९८४२६४५३७५)



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# प्रजातन्त्र दिवसको शुभकामना

**जनताद्वारा, जनताका लागि र जनताको शासन व्यवस्था नै प्रजातन्त्र हो । सात दशक भएको छ नेपालीले यसको अनुभूति गर्न पाएको । जनताले चुनेर पठाएका प्रतिनिधिले शासन सञ्चालन गर्नु प्रजातन्त्रको मूल आधार हो । यस्तो प्रणालीले मात्र जनताको हक, अधिकार र सुरक्षाको प्रत्याभूति गर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ । यही मान्यताका लागि जनताले पटक–पटक संघर्ष गरेका छन्, तर जनताले खोजेको प्रजातन्त्रको उपभोग गर्न अझै कतिले जीवनको आहुति दिनुपर्ने हो अनिश्चित नै छ ।**

**हाम्रा पुर्खाहरुले गरेको त्याग र बलिदानबाट जाग्रत चेतनाले राणा शासनविरुद्ध संघर्ष गर्न प्रेरित गर्‍यो । त्यही संगठित चेतनाले निरंकुश तथा जहानीया शासनको अन्त्य भई प्रजातन्त्रको प्रादुर्भाव भएको दिन हो आज । यही दिनलाई राष्ट्रिय पर्वका रुपमा मान्दै आइएकोमा अहिले यो परम्पराको निरन्तरतामा मात्र सीमित हुन पुगेको छ । मानिस जन्मदेखि नै स्वतन्त्र हुन्छ अतएव मानिस कहिल्यै पराधीन हुन मान्दैन । सायद चेतनाले मानिसलाई पराधीनता अस्वीकार गर्न लगाएको हो । त्यसैले मुलुक र जनताको स्वतन्त्रताका लागि हाँसी–हाँसी बलिदान दिन तत्पर हाम्रा वीर शहीदहरुको सम्मान, संस्मरण र योगदानको गायन प्रत्येक नेपालीको कर्तव्य हुनुपर्छ ।**

**स्वतन्त्रताको उपभोग गर्न संविधानले नै निर्देश गरेको हुन्छ । जनताको मौलिक अधिकारका रुपमा वाक, प्रकाशन, आवागमन, सभा–सम्मेलन जस्ता अधिकारलाई सुरक्षित गरेको छ हाम्रो संविधानले । यस आधारमा आफूलाई लागेको बोल्न, प्रकाशन गर्न, हिंडडुल गर्न नेपाली स्वतन्त्र छन् । तर, यही समय देशमा हुर्किएको राजनीतिक परिवेशले नागरिक अधिकार कुण्ठित हुने डर बढेको छ । निरंकुशता अन्त्य गरी विधिको शासन स्थापित गरिएको भनिरहँदा राज्य सञ्चालक नै निरंकुशताको यात्रामा हिंड्न थालेको टिप्पणी हुन थालेको छ । यसले वीरहरुको बलिदान खेर जाने आशंका मात्रै जन्मिएको छैन, फेरि पनि प्राणको आहुति दिनुपर्ने हो कि प्रश्न खडा भएको छ ।**

**जनलहर ज्वारभाटाभन्दा पनि शक्तिशाली हुन्छ, जसलाई कुनै हतियारले पनि निस्तेज गर्न सक्दैन । जनताको बोली बन्दुकको गोलीभन्दा पनि बलियो हुन्छ । त्यही कारण जनताले प्रजातन्त्रलाई रोजे, स्वतन्त्र विचरण, अभिव्यक्ति स्वतन्त्रता र फरक विचारको सम्मान लगायतका प्रजातन्त्रको स्तम्भ निर्माण गर्न जीवनको आहुति दिए । तर, आज फेरि जनताको अभिव्यक्ति स्वतन्त्रतालाई विभिन्न नाममा बन्देज लगाउन खोजिँदैछ । जनताका आवाजहरु आक्रोश बनेर मुखरीत हुँदा अनेक नाम दिएर नैसर्गिक अधिकार नै उपयोग गर्नबाट वञ्चित गर्ने असफल प्रयास भइरहेको अनुभूति गरिंदैछ । नेपाली आज 'हातमुख जोर्नै'का लागि प्रतिदिन पन्ध्र सयभन्दा बढीको संख्यामा पलायन भइरहेका छन् । जनताले खोजेभन्दा पनि बढी उपलब्धि प्राप्त भएको छ राजनीतिक अर्थमा तर यथार्थमा हातमुख जोर्न, भूकम्पले थिल्थिलो भएको मन र ओत नपाएको शिर, खुम्चिँदै गएको भूमि, हराउँदै गरेका सीमा स्तम्भ नेपालीको नियति बनेर उभिनु दुर्भाग्यपूर्ण हुनसक्छ ।**

**सरकारले उपेक्षा गर्दै लगेको फागुन ७ गतेको प्रजातन्त्र दिवसले नेपाली मनहरुलाई विश्वासको बलियो आधार पनि दिन सकेन भने फेरि अर्को बलिदानका लागि प्रेरित गर्न सक्छ । त्यसैले प्रजातन्त्र दिवसले आमनेपालीमा विश्वासको भरपर्दो पर्खाल उभ्याउनुपर्छ, गरिखान सक्ने वातावरण बनाउनु पर्छ । राष्ट्रियताको बलियो डोरीभित्र मीठो, निश्चिन्तको र पूर्ण प्रजातन्त्रको अनुभूति गर्न सक्ने परिवेश निर्माण गरिनु पर्दछ । अनि मात्र बढ्दै गएको पराधीनताको जालो कमजोर हुन सक्छ र पुर्खाले आर्जन गरेको स्वाधीन, स्वाभिमानयुक्त, स्वतन्त्र र स्वावलम्वी नेपालीको पहिचान जोगाउन सकिन्छ । नेपालीको आगामी यात्रा यसै दिशातर्फ उन्मुख होस् प्रजातन्त्र दिवसको शुभकामना ।**

# अविस्मरणीय सी. के. प्रसाई



**विष्णुप्रसाद खरेल**



**सन्दर्भ : सी. के. प्रसाईको २७औं स्मृति दिवस**

नेपाली कांग्रेसका बौद्धिक नेता तथा समाजवादी चिन्तक छत्रमान केशरी प्रसाई (सी.के. प्रसाई) 'भरत बाबु'को भोलि २७औं स्मृति दिवस ! सी.के. चिन्तन प्रतिष्ठानको आयोजनामा भोलि झापाको बिर्तामोडस्थित सी.के. चिन्तन प्रतिष्ठानको प्राङ्गणमा वैचारिक बहश समारोहको आयोजना गरी सी.के. प्रसाईको स्मरण गरिँदैछ । वि.सं. २०१३ सालमा नेपाली कांग्रेसमा प्रवेश गरी समाजवादी आन्दोलनको शिर्ष पुरुष बन्नुभएका उहाँको स्मरण स्वभाविक अनिवार्यता नै हो । जुन समयमा नेपाल शिक्षाका क्षेत्रमा अत्यन्त कमजोर थियो । त्यस्तो समयमा पनि वाराणुी हिन्दू विश्व विद्यालयबाट एम.कम., बैंक अफ बदौडाबाट एक बर्षे डिप्लोमा र एफ.आर.सी.एस. लण्डन जस्ता उच्च शैक्षिक योग्यता आर्जन गर्नुभएका सी.के. प्रसाई नेपाली कांग्रेसका मात्र होइन, यो मुलुककै उच्च राजनीतिज्ञ तथा विचारकका रुपमा नेपालीहरुले सम्झिनु पने व्यक्तित्व हो ।

सी.के.को जीवन जति उच्च थियो, त्यति नै सादगी र सम्मानपूर्ण पनि । वैचारिक कठोरतामा गाँसिएको उहाँको राजनीतिक दिनचर्याहरुले उहाँलाई विचारको एउटा दरिलो मियोका रुपमा स्थापित गरेको छ । राजनीतिक रुपमा उहाँ नेपाली कांग्रेसप्रति आवद्ध भए पनि उहाँले प्रतिपादन गरेका र सम्प्रेषण गरेका विचारहरुको अध्ययन गर्दा उहाँ हामी सबै नेपालीहरुको वैचारिक अगुवाका रुपमा रहनुभएको छ । वर्तमान राजनीतिमा देखिएका अवयवहरुलाई नियाल्दा आज सी.के. प्रसाईका विचारहरुको गहन अध्ययन र अनुशरण गर्नुपर्ने भएको देखिन्छ । महामानव वी.पी. कोइराला र सन्तनेता कृष्णप्रसाद भट्टराईकै श्रेणीको बौद्धिक क्षमता भएका उहाँले सदैव भन्ने गरेका विषयहरु आज यति सान्दर्भिक देखिन थालेका छन् कि ती कुराहरु अहिलेसम्मका नेताहरुले दिएका विचारभन्दा महत्वपूर्ण देखिन्छन् ।

उहाँले भन्नुभएको थियो राजनीतिमा प्रतिपक्षको बाटो अति चिप्लो हुन्छ । प्रतिपक्ष स्वार्थविहीन भएर आफ्नो अडानमा कायम रहन सक्नु पर्दछ र प्रतिपक्ष कमजोर हुँदा प्रजातन्त्र बलियो हुँदैन । प्रतिपक्ष सुविधावादी भयो भने अपमानित हुन्छ । तसर्थ, प्रतिपक्षले सुविधाभोगी बन्न हुँदैन । राजनीतिलाई लक्षित गर्दै उहाँले बिश्लेषण गर्नुभएको थियो- राजनीतिमा आज दन्दुभि बजाइँदैन, सर्प्राइज एट्याक गरिन्छ । नभन्दै, वर्तमान नेपालको राजनीतिमा यस्ता धेरै सर्प्राइज अट्याकका घटना भइरहेका छन् । राजनीतिमा दलगत हिसाबले पनि र वैचारिक हिसाबले पनि थलोकिलो छोड्नु दुर्भाग्यको सूचक हो भन्ने उहाँको विचार अहिले आएर विभिन्न दल र राजनीतिक नेताहरुमा देखिन थालेको छ । उहाँको विचारमा विपक्षीको दायित्व कसैलाई सत्ताच्युत गरेर आफू सत्तासीन हुनु मात्र होइन, आफू अच्युत बन्नु पनि हो । तर, अहिलेका दलीय अभ्यास हेर्दा आफू अच्युत हुनेभन्दा अरुलाई च्युत गर्ने राजनीतिक संस्कारको विकास भइरहेको छ । उहाँको विचारमा, जब ब्यक्तिहरु सत्तामुखी बन्छन् संस्थाको दूरावस्था हुन्छ । अहिले भइरहेको पनि त्यही नै छ ।

राजनीतिमा अनुशासन महत्वपूर्ण हुन्छ । सी.के.ले भन्नुभएको थियो- अनुशासन एकबाट प्रारम्भ हुन्छ र अनेकमा विस्तार हुन्छ । वर्तमान राजनीतिमा अनुशासनको पालना कायम हुन नसकेर देखिएका विसंगतीले सबै दलहरु भित्र छिद्रता देखिन थालेको छ । नीति, नियम, परम्परा र संस्कार अनुशासनका अंग हुन । तर, सबै दलका नेता र कार्यकर्ताले त्यो बिर्सन थालेका छन् । वर्तमान राजीति अनुशासनहीन मात्र भएको छैन, अनुशासनहिनतालाई बहादुरिताको उपाधि दिन थालिएको छ । अनुशासनहिनता पुरस्कृत हुन थालेको छ । उहाँका विचारमा राजनीतिमा इज्जत कमाउन गाह्रो, कमाएर जोगाउन झन् गारो हुन्छ ।

सी.के.का विचारमा राजनीतिमा सावधानी र आत्म नियन्त्रण आवश्यक हुन्छ । क्रान्तिकारीता र तपस्वीताले मात्र राजनीतिमा चनाखो बनाउँदैन । आस्था, निष्ठा र विचार राजनीतिको आत्मा हो । जनताको सेवामा इमान्दारिताको राजनीति आवश्यक छ । जनतासँग जोडिएका दलहरुले मात्र जनताको सेवा गर्न सक्दछन् । जनतामा जाने माध्यमको स्वरुप र सीमाका विषयमा उहाँको स्पष्ट विचार थियो सबैभन्दा पुरानो माध्यम- संघर्ष थियो । त्यसपछि- चुनाव माध्यम बन्यो र पछिल्लो माध्यम भनेको- रचनात्मक काम नै हो । रचनात्मकतामा आधारित राजनीति मात्र लामो समय टिक्न सक्दछ । जनतालाई नारा होइन सहारा चाहिन्छ । निर्वाचनका सवालमा सी.के.का विचारहरु पवित्र र उच्च थिए । उहाँका अनुसार प्रजातन्त्रमा हार्नुमा पनि हर्ष र गौरव हुन्छ । हारमा हरेश खानु हुन्न । राजनीतिमा विजयको पनि पराजय हुन्छ । चुनावी लहरको कुनै भर हुँदैन । चुनावको लक्ष्य सत्ता कि सेवा भन्ने स्पष्टता आउनु पर्दछ । यदि चुनाव सत्ताका लागि मात्र ठानियो भने त्यसले राजनीतिलाई दुषित बनाउँछ ।

सी.के.का अनुसार राजनीतिमा नयाँपनको खोजी आवश्यक हुन्छ । त्यसैले प्रतिभाहरुको संकलन नै राजनीतिमा सफल चरण हो । योग्य र दक्ष व्यक्तिहरु रहेको राजनीतिक दलले मात्र गुणकारी नेतृत्व दिन सक्दछ । राजनीतिमा नयाँ व्यक्ति होइन नयाँ सोचाइ र काम गराइको नयाँ तरिका चाहिन्छ । हरेक नवआगन्तुक नयाँ हुँदैन । नयाँ त्यो हो जो निर्दिष्ट नीति लिएर आएको हुन्छ । सी.के.का अनुसार राजनीतिमा नयाँ प्रयोगको आवश्यकता हुन्छ । उहाँले भन्नुभएको थियो- हामीले नयाँ प्रयोग गरेनौं, सिर्फ पुरानो नक्कल मात्र गर्‍यौं । हामीमा नयाँ प्रयोग गर्ने साहसको नितान्त कमी छ । वर्तमान नेपाली कांग्रेसको संगठन सञ्चालन पद्धति होस या जनतासँगको सम्बन्ध होस सी.के.ले भने जस्तै पुरानाको नक्कलमा आधारित छ । केही युवा नेताहरुबाट नयाँपनको शुरुवात गर्न खोजे पनि त्यो प्रयास पनि कम्युनिष्टहरुको नक्कलमा आधारित वा प्रभावित देखिन्छ । उनीहरुमा नेपाली कांग्रेसको मौलिकता, परम्परा र संस्कार अनुरुपको नयाँपनको खोजी भन्दा वामपन्थी नक्कलको रुझान देखिन थालेको छ ।

सी.के.ले भन्नुभएको छ- जनप्रियताको साथमा दुर्भाग्यवश दम्भ पनि अउछ । वर्तमानमा भयो पनि त्यही । गत निर्वाचनमा ने.क.पा.ले जुन प्रारको जनप्रियता प्राप्त गर्‍यो, त्यो दम्भमा परिणत भयो । जो हामीले देखिरहेका छौं । उहाँका विचारमा बलात र हठात जुन काम हुन्छ त्यो सुगम र पूर्ण सफल हुँदैन । अहिले भइरहेको त्यही छ । प्रधानमन्त्री के.पी. ओलीले बलात र हठातमा जुन राजनीतिक कदम चाले यो सुगम छैन । यस कदमले देशलाई अन्यौलताको भुँमरीतिर खिचिरहेको छ । राजनीतिमा जनताको नजरमा चढ्न जति गाह्रो, गिर्न त्यति नै सजिलो हुन्छ । वर्तमानमा ने.क.पा.भित्रका शिर्ष नेताहरुले देखाएको स्वभाव, चरित्र हत्या र प्रयोग गरिने शब्दशैलीले उनीहरुको गिरावटी चरित्र उदाङ्ग पार्दैछ । उहाँ सदैब भन्ने गर्नुहुन्थ्यो- राजनीतिमा जति छल र बल गर्‍यो त्यति तल झरिन्छ । उहाँको विश्वास थियो- राजनीतिक सु-संस्कारले सभ्यता र श्रेष्ठता अभिवृद्धि गर्छ । तर, त्यो संस्कारयुक्त राजनीति देखिन छोडेको छ । उहाँका विचारमा पद पाउँदैमा कोही पक्का राजनीतिज्ञ हुँदैन । राजनीतिज्ञ हुन दूरदर्शिता, विनम्रता र दृढप्रतिज्ञता आवश्यक हुन्छ । यी तीन कुरा राजनीतिका अहम् अस्त्र हुन् ।

सी.के.का विचारमा संकटमा नेता पैदा हुन्छ, सुविधामा अभिनेता जन्मिन्छ । अहिले भएको पनि त्यही छ । निरंकुश पञ्चायती शासनकालमा राजनीतिमा होमिएकाहरुमा जेनेतेने नेताको छवि देखिन्छ । पछिल्लो राजनीतिक सुविधामा राजनीतिमा लागेकाहरुमा नेतामा हुनुपर्ने गुणभन्दा अभिनेतामा हुनुपर्ने गुण अधिक पाइन्छ । उनीहरु विचारलाई प्रभावित गरेर राजनीति गर्नभन्दा रसबससहितको उठ्बसमा राजनीतिक धाक र रवाफ देखाउन थालेका छन् । भौतिक श्रोत र साधनको प्रोगले वर्तमान राजनीतिलाई प्रभावित पारिरहेको छ ।

यो स्तम्भकारलाई थाहा छैन, कति मानिसहरुले सी.के. प्रसाईका विचारहरुको अध्ययन गरेका छन् ? अध्ययन गरेकाले पनि उक्त विचारको अनुशरण कतिले गरेका छन् ? उहाँले प्रवाह गरेका विचारहरुको अध्ययन र अनुशरणले नेपाली समाज र नपालको राजनीतिलाई संस्कारयुक्त बनाउन जुन ऊर्जा प्रदान गर्न सक्दछ, त्यो सुविधाको उपभोग गर्न हामी सकिरहेका छैनौं । सी.के. प्रसाई एउटा व्यक्ति मात्र होइन ऊ विचारको श्रोत पनि हो । सी.के.का विचारहरुको गहन अध्ययन र अनुशरण गर्न सकियो भने मात्र उहाँप्रति सम्मान गरेको ठहर्छ । सी.के. प्रसाईको २७औं स्मृति दिवशको यस विषेश अवसरमा हामीमा त्यो दृढता विकसित बनोस् । विचारपुञ्ज सी.के.प्रति हार्दिक श्रद्धाञ्जलि !

# प्रजातन्त्र दिवसको महत्व



**कृष्णप्रसाद ढकाल**




अहिले मुलुकमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र धेरै तन्त्र भएको र सबैको प्राप्तिमा संघर्ष जोडिएकाले कुनलाई प्रजातन्त्र भन्ने बारेमा द्विविधा हुन खोज्छ, तथापि निरंकुश राणाशासनविरुद्धको आन्दोलनको सफलता नै प्रजातन्त्रको प्राप्ति मानिएकाले याहाँ यसैबारेमा चर्चा गरिएको छ । दूरदर्शी राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले टुक्रै-टुक्रामा लथालिङ्ग रहेको यो भूमिलाई अति दुःखले एक सूत्रमा जोडेका थिए । पछिका उत्तराधिकारीहरु अदूरदर्शी हुँदा बिग्रिएको राजनीतिक अवस्थाबाट फाइदा उठाउँदै २९ बर्षीय युवा जंगबहादुर राणाले कोतपर्व र भण्डारखाल पर्वको नाममा भारदारहरुको नृशंष हत्याकाण्ड मच्चाउन पाए र त्यसको तीन दिनमै कमाण्डरइनचिफ र प्राइमिनिष्टर जस्तो राजनीतिको उपल्लो पद हत्याए । त्यसपछि समयान्तरमा शासन सत्ता भाइ-छोरामा जाने Agnet System लागू गरे ।

कानूनभन्दा आफूलाई माथि ठान्ने राणाहरुको यो पद्धतिमा काकापछि दाजु मरेर मात्र प्रधानमन्त्री पद पाइने हुँदा देश विकास गर्ने हिम्मत र जोसजाँगर सक्किएको बुढ्यौलीले गाँजीसकेको अवस्था हुन्थ्यो । अब सकिने भनेको ढुक्कसँग भोगविलास थियो, जसमा लिप्त हुनाले अनेक वैध-अवैध सन्तानहरु हुन्थे । जुद्ध शम्शेरका दुई दर्जन रानी, अठार छोराहरु र एक दर्जन छोरीहरु थिए । परिवार ठूलो भएकाले धन सञ्चयसँगै र छोराहरुलाई कर्नेल र जर्नेल पद बाँड्थे । त्यसैमा इष्टइण्डिया कम्पनीका परराष्ट्र सचिव सर ओलाफकारोले यिनलाई बदमास बुडा, कामुक र धेरै सन्तानका पिता राष्ट्रिय सम्पत्तिको प्रयोग आफ्ना सन्तानका लागि गर्ने भनी यिनको खुब आलोचना गरेका थिए ।

श्री ३ चन्द्र शम्शेरले सबै राणाहरुलाई ए, बी र सी गरी तीन वर्गमा बाँडी दिए । आफ्नै जातकी विवाहिता पत्नीबाट जन्मेको सन्तान 'ए' वर्गमा, अर्कै जातकी विवाहिता पत्नीबाट जन्मेको सन्तान 'बी' वर्गमा र ल्याइते स्वास्नीबाट जन्मेको सन्तान 'सी' वर्गमा पारी दिए । चन्द्र शम्शेरका 'ग' वर्गमा पर्ने एक छोरा मात्र थिए भने भीम शम्शेर र जुद्ध शम्शेरका 'ग' वर्गमा पर्ने धेरै सन्तानहरु थिए र उमेरका जेठा पनि थिए । आफ्नो छोराको स्थान बलियो बनाउन बिभाजन गरेको भन्ने पछि खुल्यो । यो विभाजनले राणा परिवारभित्र घृणा र तिरस्कार बढाएकाले पछि सुवर्ण शम्शेर र महावीर शम्शेरहरुले प्रजातान्त्रिक कांग्रेसको स्थापना गरी आन्दोलनमा सहभागी भए ।

आफू बस्नलाई घर निर्माण, भ्रष्टाचार र भोगबिलास बाहेक शिक्षा, स्वास्थ्य, विकास कतै ध्यान नदिने निरंकुश राणा शासनको अन्त्यका लागि नेपाली जनताले जीवन जोखिममा पारेर कष्ट र विपत्तीहरु झेल्दै, शहीद हुनु परे पनि प्रजातन्त्र

**सन्दर्भः प्रजातन्त्र दिवस**

ल्याएरै छाड्ने अठोट लिएर शिक्षित नेपाली युवाले क्रमशः महावीर स्कूल, नेपाली नागरिक अधिकार समिति, नेपाल प्रजा परिषद् लगायत विभिन्न संघ-संस्थाहरुको स्थापना गर्दै राणा शासनविरुद्धमा आन्दोलन चर्काउन थाले । काठमाडौं कमलपोखरीका बलदेव हजाम दरबारमा दाह्री खौरन जान्थे र राजालाई यी वस्तुस्थितिबारे जानकारी गराउँथे । राजा त्रिभुवनले राजदरबारको सेवामा रहेकी जर्मननर्स यिरीकाल्यूचटेग अनि मिठाई र पाउरोटी बिक्रेता बि.एल. शर्मामार्फत् भारतीय राजदूतसँग पनि सम्पर्क बढाएका थिए । राजदूतले भारत सरकारको सहमतिमा दूतावास रक्षाका लागि भारतबाट हजाम, धोबी बगैंचे आदिका भेषमा प्रशस्त सेना काठमाडौंमा झिकाएका थिए ।

सबै परिस्थिति बारेमा जानकारी पाइसकेपछि २००७ कार्तिक २१ गते उपत्यकामा हुस्सु लागेको थियो, बिहान ८.३० बजे वनभोजका लागि भनेर दरबारबाट १२ जनासहितको चार वटा कारहरु निस्के, जसमा राजा त्रिभुवन दुई बडामहारानीहरु, तीन जना छोराहरु, दुईवटी बुहारी, एक जेठा नाती (वीरेन्द्र वीरविक्रम शाहदेव) दुई छोरी र हजुरिया कर्नेल नारायणसिंह राणा थिए । राजा त्रिभुवनले सबभन्दा अगाडिको कार चलाइरहेका हुनाले सिँधै भारतीय दूतावास रहेको ठाउँ शीतल निवासतर्फ बढाउँदा हजुरिया कर्नेल नारायणसिंह राणाले बाटो बिर्सिबक्सेछ भनेर सम्झाउन खोज्दा, राजाले घाँटीमा पेस्तौल राखिदिएकाले यिनको बोली हरायो । त्यसपछि चारैवटा कारहरु भारतीय दूतावासमा प्रवेश गरे । भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहले स्वागत गरेका थिए ।

राजपरिवार भारतीय दूतावासमा शरण लिएको सुनेर श्री ३ महाराज मोहन शम्शेरले फर्काउन निकै प्रयास गरे, तर सकेनन् । भोलिपल्ट मङ्गलबार २.४५ बजे ४ बर्षका नाबालग ज्ञानेन्द्र शाहलाई हनुमान ढोका नासल चोकको राजगद्दीमा राखे । राजा बनाउने हतारमा श्री ५ को श्रीपेच नभेटेकाले श्री ३ कै श्रीपेच लगाई राजा घोषित गरेका थिए । यो राज्याभिषेकलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउन तात्कालिन नेपालस्थित बेलायतका राजदूत जर्जफाल्कनरलाई आफ्नो पक्षमा पारे, पाकिस्तान रेडियोले भारतद्वारा श्री ५ त्रिभुवनलाई अपहरण गरियो भनि समाचार प्रशारित गर्‍यो, तर भारत सरकारले श्री ५ त्रिभुवनले राजगद्दी त्याग नगरेकाले अहिले भइरहेको राजनीतिक परिवर्तनलाई मान्यता नदिने घोषणा गरेकाले मोहन शम्शेरको अप्ठ्यारो बढ्यो, अन्य मुलुकहरुले पनि मान्यता दिन चाहेनन् ।

त्यसपछि भारतीय समाजवादी नेता जयप्रकाश नारायणको सहयोगमा बर्मा सरकारबाट महावीर शम्शेरको 'हिमालयन एभिएसन कम्पनी'को 'दकोटा विमान'बाट हात-हतियार ल्याई पटनामा देवेन्द्रप्रसाद सिंहको घरमा राखियो । बर्मा बाहेक काश्मीरको शेख अब्दुल्लाको सरकारबाट पनि केही बन्दुक र गोली-गट्ठा ल्याइए । त्यसलगत्तै हिमालयन एभिएसन कम्पनीको हवाईजहाजले 'हाम्रो आन्दोलन आजदेखि नेपाल अधिराज्यभरि शुरु हुन्छ' भनी काठमाडौंमा राणा विरोधी पर्चा छर्न थाल्यो । त्यसको एक दिनपछि ११ नोभेम्बरको दिन १२.३० बजे श्री ५ त्रिभुवन भारतीय वायुसेनाको विमानद्वारा सपरिवार दिल्ली पुगे । दिल्ली विमानस्थलमा प्रधानमन्त्री जवाहरलाल नेहरु र मन्त्रीमण्डलका अन्य सदस्यहरुसहितले राजपरिवारलाई भव्य स्वागत गरी हैदराबाद भवनमा स-सम्मान राखियो । थीरबम मल्ल र तेजबहादुर अमात्य नेतृत्वको दुई सय मुक्तिसेनाका जवानले सशस्त्र क्रान्तिको थालनी वीरगञ्ज आक्रमणबाट गरे । १८ डिसेम्बर १९५० मा पाँच सय जवान मुक्तिसेनाले बिराटनगरमा थोत्रो ट्र्याक्टरलाई टैञ्च बनाएर बडाहाकिमको निवासमा गोली बर्साउँन थाले । बडाहाकिम उत्तमबिक्रम राणाले दुई घण्टा मै आत्मसमर्पण गरेकाले वी.पी. कोइरालाद्वारा १५ हजार दर्शक माझ कांग्रेसको चारतारे झण्डा फहराउँदै त्यस बिजयको निम्ति मुक्ति सेनालाई धन्यवाद दिए । परिस्थिति धेरै असहज भएको देखेर राणाहरु वार्तामा जान तयार भएकाले कांग्रेसले आन्दोलन स्थगित गर्‍यो । १२ फरवरी १९५१ मा दिल्लीमा श्री ५ त्रिभुवन, नेपाली कांग्रेस र राणा सरकारको बीचमा त्रिपक्षीय सम्झौता भयो ।

त्यसपछि नेपाली कांग्रेसका नेताहरुसँगै राजा त्रिभुवन सपरिवार नेपाल आए । २००७ फागुन ७ गते श्री ५ त्रिभुवनले प्रजातन्त्र स्थापित भएको घोषणा गर्दै १० सदस्यीय मन्त्रीमण्डलको नाम सार्वजनिक गरे । जसमा श्री ३ बाट मोहन शम्शेर प्रधानमन्त्रीमा झरे । यसरी राजा त्रिभुवनले दरबार त्याग गरेको लगभग एक सय चार दिनमै जङ्गबहादुर राणाद्वारा स्थापित एक सय चार बर्षीय जहाँनिया राणा शासन सधैंको निम्ति बिदा भयो ।

जसले आज ६९औं बसन्त पार गर्दैछ । 'अरुलाई दुःख दिनु, छलछाम गर्नु, ढाँट्नु क्षणिक चोइटे आगो हो, हेर्ने-ताप्नेहरु रमाउँलान्, सारो-गारोमा जोगाउने आफ्नालाई नै वैरी बनाएपछि चाहीँ स्वतः कालको नजिक पुगिन्छ'को मर्मको चिन्तनसँगै राजा र जनताको यो त्याग र बलिदानको इतिहासलाई अध्ययन मनन् गर्दै 'प्रजातन्त्र दिवसलाई एकआपसको मेलमिलाप दिवस'को रुपमा हेरेर देखापरिरहेका संकटहरुलाई मेटाउन सके त्यो भन्दा ठूलो उपलब्धि अरु के हुन सक्थ्यो होला र ?

# पूर्वाञ्चलकर्मी पोखरेल सम्मानित



**दमक, फागुन ६।** दमकलाई मुख्य कार्यथलो बनाएर विगत दुई दशक अघिदेखि कार्य गर्दै आएका पत्रकार विष्णुप्रसाद पोखरेल दमक नगर विकास पत्रकारिता पुरुस्कारसहित सम्मानित भएका छन् ।

पूर्वाञ्चल दैनिकका दमक संवाददाता पोखरेललाई रु. २१ हजार राशिको पुरस्कारसहित सम्मान पत्र प्रदान गरिएको थियो ।

राष्ट्रिय सभा सदस्य देबेन्द्र दाहाल, प्रदेश सभा सदस्य अर्जुन राईको उपस्थितिमा भएको नगर सभामा दमक नगर प्रमुख रोमनाथ ओली, उपप्रमुख गीता अधिकारीले पोखरेललाई पुरस्कारसहित सम्मानपत्र प्रदान गरेका थिए । नगरपालिकाले नगरमा बिभिन्न माध्यमबाट उत्कृष्ट योगदान गर्नेहरुलाई सम्मान गर्ने परम्परा अनुसार यस पटक सञ्चार क्षेत्रबाट पोखरेललाई सम्मानित गरिएको दमक नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत गणेश तिम्सिनाले बताए ।

सोही कार्यक्रममा उत्कृष्ट करदाताहरु पर्शुराम गिरी, मञ्जु श्रेष्ठ, उत्कृष्ट निर्माण व्यवसायी प्रकाश केसी, स्वास्थ्य स्वयंसेविका हेलेना टोपोलाई समेत सम्मान गरिएको थियो ।

# समकक्षी अध्ययन टोलीद्वारा त्रिदेव क्याम्पसको अवलोकन

**बिर्तामोड, फागुन ६।** विश्व विद्यालय अनुदान आयोगको समकक्षी अध्ययन टोलीले झापाको मेचीनगर-१३ चारआलीस्थित त्रिदेव बहुमुखी क्याम्पसको स्थलगत अध्ययन अवलोकन गरेको छ ।



विश्व विद्यालय अनुदान आयोगले त्रिदेव बहुमुखी क्याम्पसलाई गुणस्तर सुनिश्चितता तथा प्रत्ययन (क्यूएए) प्रमाणपत्र उपलब्ध गराउन पूर्व समकक्षी अध्ययन अवलोकन टोलीले दिएका सुझावहरुको कार्यान्वयन भए/नभएका विषयमा स्थलगत अवलोकन गरी भए गरेका कामहरुको विषयमा गुणस्तर सुनिश्चितता प्रत्ययन काउन्सिलमा पेश गर्ने उद्देश्यले स्थलगत अध्ययन अवलोकन गरेको हो ।

त्रिदेव बहुमुखी क्याम्पसमा विश्व विद्यालय अनुदान आयोगको समकक्षी अध्ययन टोलीले गत फागुन ३ गतेदेखि ६ गतेसम्म स्थलगत अध्ययन अवलोकन गरी क्याम्पसका सञ्चालक समिति, लेखा समिति, शिक्षक, कर्मचारी, बिद्यार्थी, अभिभावक, जनप्रतिनिधि, विभिन्न सामाजिक संघ-संस्थाका प्रमुख तथा प्रतिनिधी, राजनीतिक दलका प्रतिनिधि लगायतसँग अन्तरक्रिया गरेर सुझाव लिएको थियो ।

समकक्षी अध्ययन टोलीले बिहीबार क्याम्पसमा एक कार्यक्रमको आयोजना गरी पूर्व समकक्षी अध्ययन अवलोकन टोलीले दिएका सुझावहरुको कार्यान्वयन भए/नभएका विषयमा जानकारी लिँदै अब सुधार गर्नुपर्ने केही बुँदागत विषयमा क्याम्पस सञ्चालक समिति र क्याम्पस प्रशासनलाई प्रतिवद्ध हुन आग्रह गरेको थियो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष हरिप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा विश्व विद्यालय अनुदान आयोगद्वारा त्रिदेव बहुमुखी क्याम्पसका लागि गठन भएको समकक्षी अध्ययन टोलीका संयोजक प्रा.डा. किशोरजंग बराल, विदेशी विषय विज्ञ प्रा.डा. हर्सिता एनी हरेन, प्रा.डा. प्रदिपचन्द्र गौतम, प्रा.डा. रजनी मल्ल लगायतले विभिन्न सुझाव दिएका थिए ।

कार्यक्रममा क्याम्पस प्रमुख माधव प्याकुरेलले अहिलेसम्म गरेका कार्यहरुको बारेमा जानकारी दिँदै समकक्षी अध्ययन टोलीले दिएका सुझाव कार्यान्वयन गराउने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रमको सञ्चालन विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधि ममता प्रजापतिले गरेको त्रिदेव बहुमुखी क्याम्पस व्यवस्थापन विभागकी विभागिय प्रमुख सावित्रा दाहाल भट्टराईले जानकारी दिइन् ।

# योजना तर्जुमा गोष्ठी

**बिर्तामोड, फागुन ६।** कृषिथोक बजार व्यवस्थापन समिति बिर्तामोडको आयोजनामा कृषिथोक बजारको भावी रणनीति तथा योजना तर्जुमा गोष्ठी बिहीबारदेखि शुरु भएको छ ।




कृषिथोक बजार व्यवस्थापन समितिका अध्यक्ष कमलप्रसाद पौडेलको अध्यक्षता तथा प्रदेश सांसद एकराज कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा समितिका सदस्य तथा बिर्तामोड-५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले स्वागत गरेका थिए ।

समितिका अध्यक्ष पौडेलले कृषिथोक बजार व्यवस्थापन समितिको रणनीतिक कार्ययोजना प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले समितिको नयाँ कार्यसमिति निर्वाचित भएसँगै कृषिथोक बजारलाई नमूना बजार बनाउन गर्नुपर्ने भावी रणनीति तथा कार्ययोजना तयार पार्न सुझाव लिन गोष्ठीको आयोजना गरिएको जानकारी दिए । उनले कृषिथोक बजारको ऐतिहासिक विवरण, बजार स्थलभित्र सञ्चालनमा रहेका व्यापार व्यवसाय, विभिन्न चरणमा भएका निर्णय, कृषिथोक बजारका कार्यसञ्चालनका विद्यमान चुनौति, कृषिथोक बजारका अल्पकालीन र दीर्घकालीन कार्ययोजना प्रस्तुत गरेका थिए ।

कार्यक्रममा समितिका पूर्व अध्यक्ष वीरेन्द्रराज पराजुली, बिर्तामोड नगरपालिकाकी उपमेयर पवित्रा महतारा प्रसाईं, जिल्ला समन्वय समितिका प्रमुख सोम पोर्तेल, नेकपा बिर्तामोड नगर अध्यक्ष ज्ञानुराम प्रसाईं लगायतले शुभकामना दिएका थिए ।

आगामी फागुन ८ गतेसम्म सञ्चालन हुने कृषिथोक बजारको भावी रणनीति तथा योजना तर्जुमा गोष्ठीको सहजीकरण सामाजिक परिचालक विषय विज्ञ कमलप्रसाद निरौलाले गरिरहेका छन् । कार्यक्रमको सञ्चालन समितिका सदस्य तथा कृषिज्ञान केन्द्रका कृषि अर्थ विज्ञ शालिकराम भट्टराईले गरेका थिए ।

# रेडक्रस दुहागढीको २२औं सभा




**दुहागढी, फागुन ६।** नेपाल रेडक्रस सोसाइटी दुहागढी उपशाखाको २२औं साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका सभापति गोपीराज मैनालीले वार्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा संस्थाकी सदस्य सुशिला रिजालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य, उपप्रमुख मिना उप्रेती, कार्यपालिका सदस्य बिन्दा प्रसाईं, रेडक्रस झापा शाखाका सभापति लोकराज ढकाल, उपमन्त्री विश्व थापा, आजीवन सदस्यहरु सुदर्शन बराल, पुष्पराज कार्की लगायतले मन्तव्य राखेका थिए ।

उपशाखाकी सचिव कृष्णकुमारी सुबेदीले सञ्चालन गरेको कार्यक्रममा स्वागत उपसभापति डिल्लीराम भण्डारीले गरेका थिए ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

अंग्रेजी चलचित्र MULAN

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)






## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिँड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिँड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



**सच्याइएको,**

मिति २०७७ साल फागुन ५ गते पूर्वाञ्चल दैनिक पत्रिकामा **साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाको सम्पत्ति लिलाम बिक्री गरिने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना** प्रकाशित हुँदा जग्गाको विवरण क्षेत्रफलको **महलमा जग्गाको क्षेत्रफल ०-४-१६.७५ र ज.वि.दुई कठ्ठा सवा तीन धुर** हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्याइएको छ ।



## पसल बिक्रीमा

बिर्तामोडस्थित मेन चोकमा रहेको अति चालू अवस्थाको कस्मेटीक तथा फेन्सी पसल बिक्रीमा छ ।

**मो.९८२३६०३५७८**



## फ्ल्याट तथा घर भाडामा

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड उत्तर हाइवेले छोएको युनाइटेड फाइनान्स बसेको घरको दोस्रो तला बैंक, सहकारी फाइनान्सको लागि उपयुक्त फ्ल्याट भाडामा छ । साथै त्यही घरको पछाडि रहेको २ तले घर समेत भाडामा छ ।

**सम्पर्क : ९८५२६४१७४०, ९८४४६९८३४०**



## CTEVT बाट सम्बन्धन प्राप्त १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । (तालिममा इण्डियन कुक, चाइनीज, कन्टीनेन्टल, इटालीयन र वेटर)

**हाम्रा विशेषता :**

१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने ।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने ।
४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने ।

***नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ ।***

**Asian Hotel Training Center**
पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८१०४८५५५०, ९८१२३५१२२६, इटहरीः ९८१२३५१२७१



## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**



## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**



## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

महिलाः १० जना पुरुषः २० जना
तलबः आपसी समझदारीमा
कार्यक्षेत्रः झापा जिल्लाभर

**पर्फेक्ट सेक्युरिटी सेन्टर**
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८



## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| टिकामाया ढुंगाना | पथरिया-४ | १८४१ | १६९३.१५ | गोपाल राजवंशी/फागुलाल राजवंशी |
| टिकामाया ढुंगाना | पथरिया-४ | ६५६<br>६५७ | १२९०.००<br>३९४०.०० | पार सिंह राजवंशी |
| टिकामाया ढुंगाना | पथरिया-४ | ४९९ | २,१४७०.०० | गोपाल राजवंशी/पाटासिंह राजवंशी |
| पुनम बाँस्तोला | जुरोपानी-२ | ७२७ | ४४५.०० | जाहाद ताजपुरिया<br>जहानु ताजपुरिया<br>जहान ताजपुरिया |
| तीर्थराज सिग्देल | शनिश्चरे-५ | १६२६<br>१६२८<br>१६३० | ०-०-४<br>०-०-१७<br>०-०-७.५० | सुकदेव चौधरी<br>"<br>" |
| मनोजकुमार कटुवाल | शनिश्चरे-४ | २६३९ | ०-८-३ | नरबहादुर लामिछाने |
| कपिलप्रसाद फुयल | शनिश्चरे-४ | १३५४<br>१३५२ | ०-०-४<br>०-१-७.२५ | हर्कलाल चौधरी<br>सुकदेव चौधरी |
| बेदनिधि संग्रौला | डाँगीबारी-४ | १५२<br>१५६ | १-१०-०<br>२-११-५ | टियाकु/टिलक राजवंशी<br>टिटाड राजवंशी |
| झपटलाल राजवंशी | टाघनडुब्बा-९ | १६३ | ४०७५.०० | चरण उराग/चरण उराङ्ग |
| शेखरप्रसाद निरौला | तोपगाछी-५ | १५११ | ०-११-१५ | कलुवा सोरेन सतार |



## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक प्रतिष्ठित कम्पनीको लागि निम्न कर्मचारीको आवश्यकता रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

१) सेल्स मेनः २ जना (आईए वा सो सरह पास)
- मोटरसाइकलको लाइसेन्स भएको, सेल्स वा मार्केटङ सम्बन्धी अनुभवी
- तलब आपसी समझदारीमा

**मो. ९८०१६१२२११**



## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

## सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ११ का टिकाराम खतिवडा कि.नं. २९२९ को ज. वि. ०-०-११ क्षेत्रफल जग्गामा निर्माण भएको आर सीसी को को स्थलगत सजमीन गर्न जाँदा तपाईं निम्नानुसारको सँधीयार अनुपस्थित भएकोले निवेदनको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | श्री दुर्गामाया मगर<br>श्री रुद्र जबेगू<br>श्री बाटो<br>श्री सुहानी चेम्जोङ | २०७७।११।०५ | २०७७।१०।१८ | |



तीन पाउ भूमि दिँदा बली राजा अमर भए
ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए

## भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौं । उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ । श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यून्तम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं ।

गुरु योजना



| वर्गफिट | रकम |
|---|---|
| १ वर्ग फिट | ३५० |
| ३ वर्ग फिट | १,०५० |
| ६ वर्ग फिट | २,१०० |
| ९ वर्ग फिट | ३,१५० |
| १५ वर्ग फिट | ५,२५० |
| २१ वर्ग फिट | ७,३५० |
| ३१ वर्ग फिट | १०,८५० |
| ५१ वर्ग फिट | १७,८५० |
| १०१ वर्ग फिट | ३५,३५० |
| १५१ वर्ग फिट | ५२,८५० |
| ५०१ वर्ग फिट | १,७५,३५० |
| १००१ वर्ग फिट | ३,५०,३५० |
| १५०० वर्ग फिट | ५,२५,००० |


सहयोगको सुविधाका लागि
**श्री अर्जुनधारा जलेश्वरधाम**
अर्जुनधारा नगरपालिका-७, झापा

**सम्पर्क नं.: ०२३-४६५२५५ (कार्यालय)**
**९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव**

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd.
खाता : श्री अर्जुनधारा जलेश्वर धाम
खाता नं 00700200038334000002

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
खाता : श्री अर्जुनधारा जलेश्वर धाम
खाता नं 262000447810(S4478)

अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागिः SWIFT CODE: RBBANKPKA

**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हात पार्न केही समय लाग्नेछ । अरूको मुख ताक्ने बानीले पछि परिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
साइनो गाँस्नेहरूबाट जोगिएर काम गर्नुहोला । आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ । सामाजिक दायित्व बढ्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । किर्तिमानी काम गर्ने समय छ । सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आतिथ्यपूर्ण सम्मान प्राप्त हुन सक्छ । प्रेमको बन्धन कसिएला । दाम्पत्य जीवन सुखद् बन्नेछ । रमाइलो यात्राको अवसर प्राप्त होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
सवारीसाधन उपयोग गर्दा सावधानी अपनाउनुहोला । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
परिस्थितिवश आँटेका काम रोकिन सक्छन् । सोखले फजुल खर्च बढाउन सक्छ । प्रतिस्पर्धीहरूबाट सजग रहनुपर्ला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
परिस्थितिवश केही समस्यामा अल्झनुपर्ला । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला । सहयोगीहरू जुट्नाले चिताएको काम छिटै सम्पादन हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
व्यापार-व्यवसाय विस्तार गर्ने समय छ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । सामाजिक दायित्व बढ्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
योजना सम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । लामो यात्रा व्यवस्थापन गर्न खर्च बढ्नेछ । मेहनत गर्दा व्यवसायमा फाइदा उठाउन सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अधिकारका लागि भने संघर्षमा जुट्नुपर्ला । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ ।